म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्बृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ११३ २०८१ असार ११ गते मंगलबार 25 June 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूक लगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मकवानपुरका ६ स्थानीय तहले ल्याए ४ अर्ब बढीको बजेट




*अध्यक्षले एकलौटी गरेर वडालाई बजेटको सिलिङनै उपलब्ध नगराएको भन्दै बागमती गाउँपालिकामा विरोध जनाउँदै उपाध्यक्ष फणिन्द्र तिमल्सिनासहित वडाअध्यक्ष र गाउँसभाका सदस्यहरु ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरका ६ वटा स्थानीय तहहरुले आगामी आर्थिक वर्षका लागि ४ अर्ब रुपैयाँ बढीको बजेट प्रस्तुत गरेका छन् । सोमबार सम्पन्न गाउँसभामा जिल्लाका १० मध्ये ६ वटा स्थानीय तहहरुले ४ अर्ब १७ करोड ६८ लाख ६८ हजार रुपैयाँको बजेट प्रस्तुत गरेका हुन् ।

जिल्लाका ३ स्थानीय तहहरुले यसअघि नै बजेट ल्याइसेकका छन् भने एउटा स्थानीय तहले विवादका कारण बजेट ल्याउन सकेन । हेटौंडा उपमहानगर पालिका, थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकाले असार पहिलो साता नै बजेट ल्याइसकेका छन् भने सोमबारमात्र मनहरी, कैलाश, मकवानपुर गढी, राक्सिराङ, बकैया र भीमफेदी गाउँपालिकाले बजेट ल्याएका हुन् ।

बागमती गाउँपालिकाले भने विवादका कारण पछि बजेट ल्याउने भएको छ । सो गाउँपालिकाले विवादका बिचमा नीति तथा कार्यक्रम भने प्रस्तुत गरेको छ । अध्यक्ष सर्केश घलानले नीति तथा कार्यक्रम गाउँसभामा पेश गरेका थिए भने उपाध्यक्ष फणिन्द्रकुमार तिमल्सिनासहित ४ जना वडा अध्यक्षले गाउँसभा बहिस्कार गरेका थिए ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्तर-सरकार वित्त व्यवस्थापन ऐन २०७४ अनुसार गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित पालिकाको गाउँसभा/नगर सभामा पेस गर्नुपर्ने व्यवस्था रहेको छ । सोहीअनुसार जिल्लाका ६ वटा स्थानीय तहले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट ल्याएका हुन् ।

## घट्यो स्थानीय तहको बजेट

मकवानपुरका स्थानीय तहले आगामी आर्थिक वर्षको बजेटको आकार घटाएका छन् । स्थानीय तहहरुले आर्थिक मन्दीको असर र कानुनी समस्याका कारण राजस्व संकलन लक्ष्यअनुसार हुन नसक्दा बजेटको आकार घटाएका हुन् । आर्थिक संकुचनका कारण संघीय सरकार र प्रदेश सरकारबाट हुने वित्तीय हस्तान्तरण रकम कटौती भएपछि स्थानीय तहहरुले बजेट खुम्च्याएका हुन् ।

## मनहरीको बजेट ३ करोड घट्यो

मकवानपुरको मनहरी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि ९० करोड १३ हजार रुपैयाँको बजेट प्रस्तुत गरेको छ । गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगरले गाउँसभामा चालु आर्थिक वर्षको तुलनामा ३ करोड रुपैयाँ कम बजेट प्रस्तुत गर्नुभएको हो ।

गाउँपालिकाले चालु आर्थिक वर्षका लागि ९३ करोड रुपैयाँको बजेट प्रस्तुत गरेको थियो । संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा आन्तरिक राजस्वसमेत घटेकाले सोको प्रभाव बजेटमा पनि पर्न गएको उपाध्यक्ष पुलामीले बताउनुभयो ।

उहाँका अनुसार गाउँपालिकाले कुल बजेटमध्ये आन्तरिक आय स्रोत तथा बैंक नगद अल्याबाट ३० करोड २७ लाख ९४ हजार रुपैयाँ रहने अनुमान गरेको छ । संघीय सरकारको वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, समपूरक, सशर्त र विशेष गरी ३५ करोड ३६ लाख ५५ हजार रुपैयाँ, प्रदेश सरकारको समानीकरण अनुदान, सवारी कर बाँडफाँड, सशर्त, समपूरक र विशेष अनुदान गरी ६ करोड २८ लाख १० हजार रुपैयाँ प्राप्त हुनेछ । १८ करोड ०७ लाख ५२ हजार रुपैयाँ संघीय सरकारको राजस्व बाँडफाँड, प्रदेश सरकार सवारी कर, वन रोयल्टी तथा अन्य निकायबाट प्राप्त हुने अनुमान गरिएको छ ।

गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि कुल बजेटमध्ये संघीय सरकारको सशर्त र समपूरक गरी ३५ करोड ३६ लाख ५५ हजार रुपैयाँ, प्रदेश सरकारको समपूरक, विशेष र सशर्ततर्फ ६ करोड २८ लाख १० हजार रुपैयाँ, संघ र प्रदेश सरकारले उपलब्ध गराएको समपूरक बजेटमा गाउँपालिकाको तर्फबाट समेत गरी २ करोड ८२ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

प्रशासनिक चालु खर्च तथा कार्यक्रम खर्चतर्फ १६ करोड ५० लाख २२ हजार रुपैयाँ, विषयगत कार्यक्रम क्रियाकलापतर्फ ३० करोड ७३ लाख ४७ हजार रुपैयाँ, वडास्तरीय योजनातर्फ ९ करोड ४० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

गाउँपालिकास्तरीय योजना र पूर्वाधार विकास योजनाका लागि ३३ करोड ३६ लाख ४३ हजार रुपैयाँ, सुशासन, संस्थागत विकासका लागि १३ करोड ५९ लाख ७२ हजार रुपैयाँ, आर्थिक विकासतर्फ ४ करोड ३ लाख १० हजार रुपैयाँ, सामाजिक विकासतर्फ २८ करोड ९० लाख ८७ हजार रुपैयाँ, पूर्वाधार विकासतर्फ ३३ करोड ३६ लाख ४३ हजार रुपैयाँ, वन, वातावरण तथा विपद व्यवस्थापनतर्फ ७० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

## राक्सिराङको बजेट ५४ करोड ६१ लाख

राक्सिराङ गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ५४ करोड ६१ लाख ७३ हजार रुपैयाँको बजेट ल्याएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि चालुतर्फ ३३ करोड ४१ लाख ६७ हजार रुपैयाँ र पुँजीगततर्फ २१ करोड २० लाख ५ हजार ६ सय २३ रुपैयाँ खर्च हुने अनुमान रहेको गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङद्वारा प्रस्तुत बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

संघीय सरकारबाट ४० करोड ६४ लाख ३४ हजार, प्रदेश सरकारबाट ७ करोड ७० लाख ३८ हजार ३ सय ५० र आन्तरिक स्रोततर्फ ६ करोड २७ लाख ६ सय ५० रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ । राक्सिराङले शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारलाई विशेष प्राथमिकता दिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्ले बताउनुभयो । भौगोलिकरुपमा विकट रहेको राक्सिराङ गाउँपालिकाका लागि प्रदेश सरकारले समेत उपेक्षा गरेको भन्दै पालिकाका जनप्रतनिधिले असन्तुष्टि जनाउँदै आएका छन् ।

## कैलाशको बजेट ३ करोड ६७ लाख रुपैयाँ घट्यो

मकवानपुरको विकट कैलाश गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ४८ करोड ७८ लाख ६७ हजार रुपैयाँको बजेट ल्याएको छ । सोमबार गाउँसभामा गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि ४८ करोड ७८ लाख ६७ हजार रुपैयाँको अनुमानित आय र व्ययको विवरण पेश गर्नुभएको हो ।

कैलाशले चालु वर्षको तुलनामा गाउँपालिकाको ३ करोड बढी रकम घटाएको छ । गाउँपालिकाले चालु आर्थिक वर्षको तुलनामा आगामी वर्षको बजेटमा ३ करोड ६३ लाख ८७ हजार रुपैयाँ घटाएर विनियोजन गरेको छ । कैलाशले चालु आर्थिक वर्षका लागि ५२ करोड ४२ लाख ५५ हजार रुपैयाँको बजेट प्रस्तुत गरी कार्यान्वयन गरिरहेको छ ।

गाउँपालिकाले आगामी वर्ष कृषि विकासतर्फ ९० लाख ५१ हजार रुपैयाँ, उद्योग विकासतर्फ ३१ लाख रुपैयाँ, पर्यटनतर्फ ५४ लाख रुपैयाँ, सिँचाइतर्फ ५७ लाख ३५ हजार रुपैयाँ, पशुपछी विकासतर्फ २२ लाख ७२ हजार रुपैयाँ र आर्थिक विकासतर्फ ३ करोड २७ लाख २९ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ ।

यसैगरी मनहरी खोला पक्की पुलदेखि नामटार-कालिकाटार सडकको स्ल्याब ढलान तथा कालोपत्रेका लागि बहुवर्षीय योजनाअन्तर्गत संघको ६५ लाख रुपैयाँ र पालिकाको ७० लाख गरी १ करोड ३५ लाख रुपैयाँ, यातायात पूर्वाधार विकासतर्फ ९ करोड ४४ लाख ५० हजार रुपैयाँ, युवा तथा खेलकुदतर्फ ४० लाख ५० हजार रुपैयाँ, भाषा तथा संस्कृति प्रवर्द्धनमा १४ लाख ५० हजार रुपैयाँ, शिक्षातर्फ १५ करोड ३२ लाख ८१ हजार रुपैयाँ र चेली प्रोत्साहन कार्यक्रमका लागि ४ लाख रुपैयाँ बजेट विनियोजन गरिएको उपाध्यक्ष ठकुरीले बताउनुभयो ।

## खुम्चियो मकवानपुरगढीको बजेट

मकवानपुरगढी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि पेश गरेको बजेट ४ करोड बढीले खुम्चिएको छ । सोमबार गाउँपालिकाको गाउँसभामा पेश गरिएको आगामी आर्थिक वर्षको अनुमानित बजेट ४ करोड ६ लाख ७६ हजार रुपैयाँले खुम्चिएको हो ।

गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ का लागि ६२ करोड २ लाख ५६ हजार रुपैयाँको बजेट ल्याएको थियो भने आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि ५७ करोड ९५ लाख ८० हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरिएको छ । गाउँपालिकाले कुल बजेटको चालु खर्चतर्फ २७ करोड ८७ लाख ७७ हजार रुपैयाँ (४८.१ प्रतिशत) र पुँजीगततर्फ ३० करोड ८ लाख २ हजार रुपैयाँ (५१.९ प्रतिशत) विनियोजन गरेको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ मा संघीय सरकारबाट वित्तीय समानिकरण अनुदान ९ करोड ६२ लाख रुपैयाँ र प्रदेश सरकारबाट समानीकरण अनुदान ९६ लाख गरी १० करोड ७८ लाख रुपैयाँ अनुदान प्राप्त गरेको गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाख्रिनले जानकारी दिनुभयो ।

गाउँपालिकाले आन्तरिक आयअन्तर्गत भूमि कर, मालपोत, सम्पत्ती कर, घर बहाल कर, अन्य वित्तीय श्रोतबाट प्राप्त रोयल्टी, परीक्षा शुल्क, नक्सा दस्तुर शुल्क, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर, प्रशासनिक दण्ड, जरिवाना, प्रदुषण शुल्कलगायतको शीर्षकमा १ करोड ३४ लाख रुपैयाँ संकलन हुने अनुमान गरिएको छ ।

संघीय सरकारबाट शिक्षा, स्वास्थ्य कृषि, पशु, ऊर्जा, प्रधानमन्त्री रोजगार कार्यक्रम, लघु उद्यम कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रमसहित २३ करोड ३४ लाख ७५ हजार रुपैयाँ र प्रदेश सरकारको सशर्त २ करोड ३५ लाख रुपैयाँ गरी २५ लाख ६९ लाख ७५ हजार रुपैयाँ अनुदान प्राप्त हुने अनुमान रहेको छ । प्रदेश समपूरक ३ करोड रुपैयाँको अनुदान प्राप्त हुने अनुमान गरिएको छ भने विशेष अनुदान १ करोड रुपैयाँ र संघीय विशेष अनुदानबापद ५० लाख रुपैयाँ बजेट प्राप्त हुनेछ ।

गाउँपालिकाको आगामी आर्थिक वर्षमा कार्यालय सञ्चालन तथा प्रशासनीक खर्चका लागि ८ करोड ६५ लाख रुपैयाँ (१४.९२ प्रतिशत) विनियोजन गरिएको छ भने आर्थिक विकासतर्फ ३ करोड ८ लाख रुपैयाँ, पूर्वाधारतर्फ १९ करोड २४ लाख ३८ हजार रुपैयाँ (३३.२० प्रतिशत), संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ ५५ लाख ९४ हजार रुपैयाँ, विषयगत क्षेत्रका लागि २५ करोड ५५ लाख ९३ हजार रुपैयाँ (४४.०९ प्रतिशत), वन तथा वातावरण र विपद् व्यवस्थापनका लागि ८७ लाख १८ हजार रुपैयाँ र कार्यालय तथा प्रशासनिक खर्चका लागि ८ करोड ६५ लाख रुपैयाँको बजेट विनियोजन गरेको छ ।

## भीमफदीले ल्यायो ७४ करोड ३६ लाखको बजेट

मकवानपुरको भीमफेदी गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ७४ करोड ३६ लाख ७३ रुपैयाँको बजेट ल्याएको छ । गाउँपालिकाको सोमबार सम्पन्न गाउँसभामा उपाध्यक्ष सञ्जीव श्रेष्ठले आगामी आर्थिक वर्षका लागि झण्डै १ करोड रुपैयाँ घटाएर बजेट प्रस्तुत गर्नुभएको हो ।

भीमफेदीले चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षमा ९० लाख रुपैयाँ बजेट घटाएको छ । भीमफेदीलाई प्राप्त हुने संघ र प्रदेश सरकारको अनुदान रकम घटेर आएकाले बजेट समेत खुम्चिएको उपाध्यक्ष श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार भीमफदीले चालु आर्थिक वर्षका लागि ७५ करोड २६ लाख ७६ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । जसमध्ये हाल ५७.४८ प्रतिशत खर्च भएको उहाँले बताउनुभयो ।

उपाध्यक्ष श्रेष्ठका अनुसार भीमफेदीले आगामी आर्थिक वर्षका लागि चालुतर्फ ४४ करोड ६२ लाख ४ हजार रुपैयाँ र पुँजीगततर्फ २९ करोड ७४ लाख ६९ हजार रुपैयाँ बजेट प्रस्ताव गरेको छ । भीमफेदीले आगामी आर्थिक वर्षमा संघीय सरकारबाट २० करोड १० लाख रुपैयाँ वित्तीय अनुदान प्राप्त गरेको छ । जसमा समानीकरण अनुदान ९ करोड ९२ लाख रुपैयाँ, राजस्व बाँडफाँडबाट ७ करोड ८१ लाख २४ हजार रुपैयाँ, रोयल्टीबापत २ करोड ३६ लाख ७५ हजार रुपैयाँ प्राप्त हुने जनाइएको छ ।

संघीय सरकारबाट सशर्त, समपूरक र विशेष अनुदानबापत २९ करोड १३ लाख रुपैयाँ प्राप्त भएको छ । जसमा सशर्त अनुदान २६ करोड ७३ लाख रुपैयाँ, विशेष अनुदान १ रकोड रुपैयाँ र समपूरक अनुदान १ करोड ४० लाख रुपैयाँ प्राप्त भएको छ ।

यस्तै, भीमफेदीलाई बागमती प्रदेश सरकारबाट ४ करोड ४८ लाख ६३ हजार रुपैयाँ वित्तीय अनुदान हस्तान्तरण प्राप्त भएको छ । जसमा समानीकण अनुदानतर्फ ९५ करोड ७२ लाख रुपैयाँ र राजस्व बाँडफाँडबाट ३ करोड ५२ लाख ९१ हजार रुपैयाँ रहेको छ । प्रदेश सरकारबाट सशर्त, समपूरक र विशेष अनुदानबापत ५ करोड ८ लाख ६५ हजार रुपैयाँ प्राप्त भएको छ । जसमध्ये सशर्त अनुदान २ करोड ४३ लाख ६५ हजार रुपैयाँ, समपूरक अनुदान २ करोड रुपैयाँ, विशेष अनुदान ६५ लाख रुपैयाँ प्राप्त भएको छ ।

आन्तरिक स्रोततर्फ भीमफेदीले ४ करोड ५६ लाख रुपैयाँ प्राप्त गर्ने अनुमान गरेको छ । जसमध्ये आन्तरिक स्रोतबाट १ करेड ३६ लाख रुपैयाँ, दहत्तरबहत्तर शुल्कबापत ३ करोड रुपैयाँ, घरजग्गा रजिस्ट्रेशनबापत २० लाख रुपैयाँ प्राप्त हुने अनुमान रहेको छ ।

गाउँपालिकाले सानुटार-किसेडी सडक निर्माणका लागि २ करोड रुपैयाँ, कोगटे-महाभीर-धार्के-स्वाँरा सडक निर्माणका लागि २ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । रानीखोला-रानीभञ्ज्याङ कृषि सडक निर्माणका लागि २ करोड ८० लाख रुपैयाँ, चिसापानीगढी निर्माण निरन्तरताका लागि २५ लाख रुपैयाँ, लटरम्भेश्वर महादेव मन्दिर क्षेत्र विकासका लागि २५ लाख रुपैयाँ, वडा कार्यालय भवन निर्माणका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ ।

## आर्थिक मन्दी र अनुदान कटौतीले छोएन बकैयाको बजेट

बकैया गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि ९१ करोड ९५ लाख ६२ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । बकैयाले १० करोड रुपैयाँ बढाएर बजेट प्रस्तुत गरेको छ ।

सोमबार सम्पन्न गाउँसभामा पालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षका लागि चालु आर्थिक वर्षको भन्दा १० करोड रुपैयाँ बढी रकम विनियोजन गरेको हो । गाउँपालिकाले चालु आर्थिक वर्षमा ८१ करोड ७० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

गाउँपालिकालाई आगामी आर्थिक वर्षका लागि संघीय सरकारबाट सशर्त अनुदानतर्फ ३४ करोड ६४ लाख रुपैयाँ, बागमती प्रदेश सरकारले सशर्त अनुदानतर्फ ३ करोड ९ लाख रुपैयाँ प्राप्त भएको गाउँपालिकाका उपाध्यक्ष खत्रीले बताउनुभयो ।

यस्तै, संघीय सरकारबाट समपूरक अनुदानबापत २ करोड ८५ लाख, प्रदेश सरकारबाट १ करोड ९७ लाख रुपैयाँ उपलब्ध भएको छ । गाउँपालिकाले हरेक वडाको समानुपातिक विकास गर्न प्रत्येक वडालाई ६५ लाख रुपैयाँका दरले बजेट विनियोजन गरेको छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकी रहेका योजनाहरुलाई सम्पन्न गर्न ३ करोड २० लाख रुपैयाँ विनियोजन गरेको छ ।

कृषि तथा पशुजन्य उत्पादनलाई प्रवर्द्धन गर्न, सहुलियत दरमा दाना तथा साइलेज बिक्री वितरण गर्न तथा प्राङ्गारिक मल उत्पादन गर्न बकैया कृषि औद्योगिक ग्रामको सञ्चालन गर्न १ करोड रुपैयाँ विनियोजन गरेको छ ।

सम्पादकीय

## समन्वय र सहकार्य हुनैपर्छ

संघीयता कार्यान्वयनसँगै मुलुकमा तीन तहको सरकार छ । संघीय सरकारको रुपमा नेपाल सरकार छ भने ७ वटा प्रदेशमा प्रदेश सरकार छ । राज्य पुनर्संरचनाबाट बनाइएको ७ सय ५३ स्थानीय तहमा स्थानीय सरकार छ । विगतमा केन्द्रिकृत शासन व्यवस्थामा केन्द्र सरकारले देशको सबै क्षेत्रको समानुपातिक विकासमा ध्यान दिन नसकेकाले देशको समानुपातिक विकाससँगै विकासमा प्रतिस्पर्धात्मक वातावरण बनाउने उद्देश्यले संघीय शासन व्यवस्था लागू भएको हो । संघीय व्यवस्थालाई सार्थक बनाउन नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारका लागि एकल तथा संयुक्त अधिकारको समेत व्यवस्था गरेको छ । ७ वर्षदेखि तीनै तहको सरकार क्रियाशील भए पनि संघ, प्रदेश र स्थानीय तहका सरकारबीच प्रभावकारी समन्वय हुन सकेको छैन । तीन तहको सरकारबीच समन्वय हुन नसकेको तथ्यलाई आम नागरिकले महसुस गरेकामात्र होइन, सरकारकै जिम्मेवार पदाधिकारीले पनि समन्वयको अभाव रहेको बताउन थालेका छन् ।

बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले तीन तहका सरकारबीच समन्वय र सहकार्यको अभाव रहेको बताएका छन् । मन्त्री श्रेष्ठले संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्यको अभावका कारण संघीयताबाट आशातित उपलब्धी प्राप्त हुन नसक्ने बताएका छन् । राज्य व्यवस्था परिवर्तनसँगै प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि तीन तहका सरकारबीच समन्वय, सहकार्य र सह-अस्तित्व अनिवार्य रहेको उनको भनाइ छ । हेटौंडामा आइतबार आयोजित एक अभिमुखीकरण तथा तालिमलाई सम्बोधान गर्दै मन्त्री श्रेष्ठले संघीयता कार्यान्वयन गरिए पनि हालसम्म सबैतिर केन्द्रकै शासन कायम रहेको बताएका हुन् । संघीय सरकारले प्रदेश संरचनालाई ओझेलमा पार्ने काम गरिरहेको उनको भनाइ छ । अधिकार प्राप्तिका लागि केन्द्रिकृत शासन व्यवस्था हटाएर संघीयता ल्याइएको भए पनि अझै केन्द्रिकृत शासन व्यवस्था नै कायम रहेको गुनासो मन्त्री श्रेष्ठले गरेका छन् । संघले प्रदेश र प्रदेशले स्थानीय तहसँग समन्वय गर्नुपर्ने भए पनि संघले सिधै स्थानीय तहसँग जोडिएर काम गरिरहेकाले प्रदेशलाई ओझेलमा पार्ने काम भएको उनको धारणा छ ।

प्रदेशलाई संविधान प्रदत्त अधिकार नदिएका कारण प्रदेशको औचित्यमाथि प्रश्न उठिहेको मन्त्री श्रेष्ठको भनाइ छ । संविधानले तीनै तहको सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको परिकल्पना गर्दै प्रत्येक तहको अलगअलग र साझा अधिकारको स्पष्ट व्यवस्था गरेको भए पनि व्यवहारमा पूर्ण लागू हुन सकेको छैन । संघीय सरकारले संघीयता कार्यान्वयनका लागि आवश्यक सबै खालका कानुन नबनाउँदा र प्रदेश तथा स्थानीय तहको अधिकार हस्तान्तरण नगर्दा समस्या भइरहेको छ । संविधानले व्यवस्था गरेअनुसारको नागरिकमा अधिकार पुऱ्याउन समन्वय र सहकार्य गर्दै संघीय व्यवस्थालाई बलियो बनाउने तथा समस्याहरु समाधानमा काम गर्नुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिएका छन् । संघीयता कार्यान्वयन भएको लामो समय बितिसक्दा पनि तीन तहको सरकारबीच अधिकार बाँडफाँड राम्ररी हुन नसक्दा संघीयताको औचित्य पुष्टि हुन सकेको छैन ।

संघीयता कार्यान्वयन हुनुअघि पनि संघ र स्थानीय तहको संरचना विद्यमान थियो । यसकारण यी दुई सरकारबीच केही समन्वय देखिए पनि प्रदेशसँग संघ र स्थानीय दुबै सरकारको समन्वय र सहकार्य कमजोर देखिएको छ । प्रदेशलाई संघले पर्याप्त अधिकार नदिएको र स्थानीय तहले पनि बेवास्ता गरेकै कारण प्रदेशको आवश्यकता र औचित्यप्रति प्रश्न उठिरहेको हो । संविधानअनुसार तीनै तहको सरकार आफैंमा स्वतन्त्र र स्वायत्त भए पनि यिनीहरुबीच आपसी समन्वय र सहकार्य हुनैपर्छ । तीनै तहको सरकारबीच सहअस्तित्व भावनाअनुसार आपसी तालमेल नहुने हो भने संघीयता असफल हुनसक्ने सम्भावनालाई राजनीतिक दल, जनप्रतिनिधि र सरकारले बुझ्नु आवश्यक छ । संघीय सरकारले प्रदेश सरकारसँग समन्वय र सहकार्य नगर्ने अनि स्थानीय सरकारले प्रदेशलाई नटेर्ने अवस्थाले संघीयता टिकाउन गाह्रो पर्नेछ । समन्वय र सहकार्यको अभावमा प्रदेश सरकारले अपेक्षित काम गर्न नसक्ने हुँदा देशको समानुपातिक विकासका लागि तीनै तहका सरकारबीच समन्वय र सहकार्य हुनैपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बन्धुबान्धवबाट सहयोग प्राप्त हुने समयको योग छ ।
**वृष** : शिघ्र निर्णय गर्ने क्षमतामा वृद्धि हुने समयको योग छ ।
**मिथुन** : मातृपक्षबाट लाभ प्राप्त हुने समयको योग छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहने समयको योग छ ।
**सिंह** : घरायसी कामकारोबारमा समय दिइने छैन ।
**कन्या** : व्यापार–व्यवसायका काममाा द्विविधा आइपर्ला ।
**तुला** : समस्या र चुनौति पन्छान बुद्धिको उपयोग आवश्यक होला ।
**वृश्चिक** : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।
**धनु** : आर्थिक कारोबारमा सर्तकता अपनाउँदा राम्रो रहने छ ।
**मकर** : पारिवारीक सहयोग प्राप्त हुने समयको योग रहेको छ ।
**कुम्भ** : मनोरञ्जनात्मक काममा रुची बढ्ने समयको योग छ ।
**मीन** : परोपकारी कामबाट प्रशंसा बटुलिने समयको योग छ ।

# बैंकको बढ्दो खराब कर्जा

**विगतमा मुलुकको अर्थतन्त्रमा आएको शिथिलताका कारण वित्तीय र मौद्रिक प्रणालीले लामो समय लगानीयोग्य रकमको अभाव झेलेको थियो । कारण बैंक ब्याजदर उच्च हुन पुग्यो । अधिक तरलताका कारण स्वदेशमा बचतको न्यून प्रतिफल हुने हुँदा पुँजी पलायनको अवस्था पनि सिर्जना हुन सक्छ ।**



✍शंकरमान श्रेष्ठ





समयमा कर्जा असुल्न नसक्दा नेपालमा बैंक, विकास बैंक तथा वित्तीय संस्थाहरूको खराब कर्जा बढ्दै गएको छ । चालु आर्थिक वर्षको वैशाखसम्ममा वाणिज्य बैंकहरूको औसत खराब कर्जा अनुपात ३.८९ प्रतिशत पुगेको छ । यस्तै, विकास बैंकको यस्तो अनुपात ३.६३ प्रतिशत पुगेको छ ।

यो १० महिनासम्ममा बैंकहरूको खराब कर्जा अनुपात बढ्दो गतिमै देखिएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार गत साउनमा वाणिज्य बैंकहरूको औसत खराब कर्जा अनुपात २.९८ र विकास बैंकको २.४९ प्रतिशत थियो । बैंकहरूले खराब कर्जा सकार्न नसक्दा यसको अनुपात पछिल्ला महिनामा बढ्दै गएको अनुमान गरिएको छ । खराब कर्जा घटाउनका लागि बैंकहरूले विभिन्न छुट अफर नै सार्वजनिक गरेर लागिपर्दा पनि ऋण सकार्न सकेको स्थिति छैन ।

मुलुकमा देखिएको सुस्त अर्थतन्त्रको असरले नागरिकलाई नराम्रोसँग असर गर्दा लिएको ऋण तिर्न नसक्ने अवस्था आएको हो । कर्जा असुलीका लागि बैंकहरूले हदैसम्मको मेहनत गरे पनि असुली हुन सकेको छैन । मुलुकको अर्थतन्त्र चलायमान भए मात्रै ऋण तिर्न नागरिकले चासो दिने भएकाले अहिले सुस्तताको समयमा ऋण तिर्नै नसक्ने अवस्थामा पुगेको सहज अनुमान गर्न सकिन्छ । तसर्थ, बैंकहरूले खराब कर्जा घटाउन नसक्दा धेरै ठूलो रकम प्रोभिजनका लागि छुट्ट्याउनुपरेकाले नाफासमेत प्रभावित भएको छ ।

बैंकहरूको खराब कर्जा अनुपात ५ प्रतिशतभन्दा बढी हुनु राम्रो होइन । त्यस्तो भएमा शीघ्र सुधारका काम गर्न नेपाल राष्ट्र बैंकले बैंकहरूलाई निर्देशन दिन्छ । तर, चालु आवको दोस्रो त्रैमाससम्मको वित्तीय विवरणअनुसार यी बैंकको खराब कर्जा ४ प्रतिशतभन्दा बढी भए पनि ५ प्रतिशत पुगेको भने छैन । यसले उनीहरू थप सचेत र सावधान हुनुपर्ने अवस्था देखाएको छ ।

नेपालमा ब्याजदर घट्दै गएको र पर्यटक आगमन बढिरहेको अवस्थामा राजनीतिक स्थिरतासहित तीनै तहका सरकारको पुँजीगत खर्च बढेमा आर्थिक गतिविधिमा सुधार भई कर्जाको माग बढ्ने एवं कर्जा असुलीमा समेत सुधार आउँदै जाने केन्द्रीय बैंकले भनेको थियो । केन्द्रीय बैंकले अपेक्षा गरेजस्तै अर्थतन्त्रले विस्तारै लय समातेमा केही समयपछि नै बैंकहरूको खराब कर्जाको अवस्थामा समेत सुधार हुने बैंकरहरू बताउँछन् । केन्द्रीय बैंक अहिले आगामी आर्थिक वर्षका लागि मौद्रिक नीति बनाउने तयारीमा छ । खराब कर्जा असुलीका लागि सहजीकरण गर्ने किसिमले नीति ल्याउनुपर्ने सरोकारवालाहरुले बताउँदै आएका छन् ।

वाणिज्य बैंकहरूको निष्क्रिय कर्जा अनुपात (एनपिएल) औसतमा साढे ३ प्रतिशतभन्दा बढी पुगेको छ । नेपाल राष्ट्र बैंकले एनपिएल बढ्न नदिन विगतमा सहुलियत प्याकेज दिँदा पनि बैंकहरूको खराब कर्जा एक वर्षमा थप भएको कटु वास्तविकता रहेको छ । सर्सरी हेर्दा, नेपाल राष्ट्र बैंकले अघिल्ला तथ्यांकका आधारमा आगामी दिनमा बैंकको वित्तीय विवरण सुध्रिने अपेक्षा राखेको थियो । समग्र अर्थतन्त्रको पहिलेको भन्दा बाह्य क्षेत्रमा सुधार भएको तथ्यांकले देखाएको छ भने आर्थिक क्रियाकलाप विस्तार भइरहेका छन् । आर्थिक स्थायित्व कायम भएको छ । यसरी हेर्दा बैंकिङ क्षेत्रले पनि क्रमिक रूपमा लाभ लिने अपेक्षा गर्न सकिन्छ ।

अन्तर्राष्ट्रिय बैंकहरूमा एनपिएल ५ प्रतिशत माथि नै भएका उदाहरण छन् । तर, राष्ट्र बैंकले भने यस्तो अनुपात ५ प्रतिशत तलै राख्ने गरी मौद्रिक उपकरण, नीति तथा नियमन र सुपरिवेक्षण गर्छ । यसअघि एनपिएल ५ प्रतिशत माथि भएका बैंक तथा वित्तीय संस्थालाई शीघ्र सुधारको कारबाही गर्ने गरिएको छ । सोही कारणले पनि राष्ट्र बैंककै सुझाव तथा निगरानीमा बैंकहरूले एनपिएल ५ प्रतिशतभन्दा तलै राख्ने प्रयत्न गरेका हुन्छन् ।

विगतमा समग्र अर्थतन्त्रमा आएको सुस्तता र कर्जाको उच्च ब्याजदरका कारण बैंकहरूले खराब कर्जा नघटेको कुरामा कुनै शंका छैन । जब अर्थतन्त्रमा मन्दी आउँछ र आर्थिक क्रियाकलापहरू चलायमान नभएर अर्थव्यवस्थाको स्वास्थ्य बिग्रन थाल्छ त्यति बेला त्यो रोगको लक्षण र प्रभावबाट बैंकिङ क्षेत्र मात्र अछुत रहन सक्ने सम्भावना नै हुँदैन ।

बैंकिङ क्षेत्र नै अस्वस्थ भएपछि समग्र अर्थतन्त्र नै आर्थिक दुष्चक्रमा फस्ने भएकाले यो क्षेत्रको स्वच्छतालाई प्राथमिकताका साथ यथावत् कायम राख्न विश्वव्यापी रूपमा नै विभिन्न प्रयास हुने गरेका छन् । तर, हाल केही बाह्य क्षेत्रमा सुधार भएको संकेत देखिएको, विप्रेषणमा उल्लेखनीय बढोत्तरी, निक्षेपमा सुधार, ब्याजदरमा कमी भए तापनि मुद्राप्रदायमा वृद्धि भएको छ । त्यसो भएकाले मन्दीको अवस्थाबाट केही राहत भएको छ, तर सन्तोष लिने ठाउँ छैन ।

कर्जाको मागमा वृद्धि हुनु भनेको सञ्चित निक्षेपहरूको विस्तार र लगानी हो । बैंक तथा वित्तीय संस्थाले आफ्नो निक्षेपको गुणनका रूपमा आफ्नो निक्षेप विस्तार गर्छन् । निक्षेपकर्ताको नगद आवश्यकता पूरा गर्न उनीहरूले निश्चित प्रतिशत रकम केन्द्रीय बैंकमा रिजर्भका रूपमा राख्नु आवश्यक छ । आवश्यक रकम सञ्चिति राखेपछि वाणिज्य बैंकहरूले सार्वजनिक निक्षेपको बाँकी अंश ऋणका रूपमा दिने गर्छन् । बैंकहरूले राखेको रिजर्भ रकमलाई नगद रिजर्भ अनुपात (सीआरआर) भनिन्छ र नेपालमा नेपाल राष्ट्र बैंकले समय-समयमा निर्धारण गर्छ ।

हालै, नेपालको बैंकिङ क्षेत्रमा कर्जा प्रवाह न्यून हुँदै जाँदा बैंकमा निक्षेपको थुप्रो लाग्न थालेको छ । अर्थतन्त्रमा आएको सुस्तता र उच्च ब्याजदरका कारण कर्जाको माग नै हुन नसक्दा बैंकमा निक्षेप थुप्रिन थालेको हो । निष्क्रिय वा खराब कर्जा घटाउन नसकेकै कारण पनि बैंकहरूले कर्जा लगानीमा रुचि देखाएका छैनन् । निक्षेप थुप्रिएको छ ।

नेपालको सन्दर्भमा, निजी क्षेत्र र बैंक तथा वित्तीय क्षेत्रबीच तरलता र कर्जा उपलब्धताका विषयमा बहस र विवाद हाम्रा लागि नौलो होइन । कर्जा लेनदेनका विषयमा दुवैका लागि एक-अर्काबीचको सम्बन्ध आवश्यक छ । खराब कर्जा बढ्दै जानुमा अर्थतन्त्रको संकुचन मुख्य कारक रहेको बताइन्छ । अर्थतन्त्रमा संकुचन आउँदा गाउँ-गाउँमा त्यसको असर देखिएको छ । ठूला व्यवसायीलाई मात्र नभई पछिल्लो समय स-साना व्यवसाय गर्ने व्यवसायीहरूमा अर्थतन्त्रको संकुचनको असर देखिएको छ । आर्थिक गतिविधिमा कमी भएपछि त्यसको असर ऋणीहरूलाई परेको देखिन्छ । आर्थिक गतिविधिमा आएको संकुचनले गर्दा मानिसको नगद प्रवाहमा असर परेको पाइन्छ, जसले कर्जा असुलीका लागि गाह्रो परेको छ । बैंकहरूमा हुने खराब कर्जालाई व्यवस्थापन गर्ने गरी ती बैंकको वासलातबाट त्यस्ता कर्जा हटाएर खराब कर्जाका कारण बिग्रिएको बैंकको वित्तीय स्वास्थ्यलाई स्वस्थ बनाउने प्रयास गर्नु हुँदैन ।

नेपाल राष्ट्र बैंकले गत पुस पहिलो साता परिपत्र जारी गर्दै समस्यामा परेका ऋणीले बक्यौता रहेको ब्याजको १० प्रतिशत भुक्तानी गरी कर्जा पुनर्संरचना र पुनर्तालिकीकरण गर्न पाउने व्यवस्था गरेको थियो । गत असार मसान्तसम्म नियमित रहेको कर्जालाई चैत मसान्तसम्मका लागि पुनर्तालिकीकरण र पुनर्संरचना गर्न पाउने सहुलियत राष्ट्र बैंकले गरेको हो ।

नेपाल राष्ट्र बैंकले परिस्थितिवश समस्यामा परेका ऋणीहरूको हकमा, कृषि तथा वन, माछापालन, खानी, कृषि, वन र पेयपदार्थ उत्पादन उद्योग, गैरखाद्य वस्तु उत्पादन, धातु, मेसिनरी तथा विद्युतीय औजार तथा जडान, यातायात, भण्डार र सञ्चार, थोक तथा खुद्रा बिक्री, पर्यटन, शिक्षा एवं स्वास्थ्य, निर्माण क्षेत्रसँग सम्बन्धित कर्जालाई पुनर्संरचना र पुनर्तालिकीकरण गर्न बैंकहरूलाई छुट दिएको थियो ।

कर्जा अपचलन गर्ने, ऋण समयमै नतिर्ने वा अन्य वित्तीय अपराध गर्नेको सूची तयार गरेर कर्जाको जोखिम व्यवस्थापन गर्नेलगायतका काम गर्ने गरी २०४६ जेठ १ गतेबाट कर्जा सूचना केन्द्र सञ्चालनमा ल्याइएको हो । नेपाल राष्ट्र बैंकले विभिन्न अवस्थाका आधारमा कुनै व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्न सक्ने व्यवस्था छ ।

विगतमा मुलुकको अर्थतन्त्रमा आएको शिथिलताका कारण वित्तीय र मौद्रिक प्रणालीले लामो समय लगानीयोग्य रकमको अभाव झेलेको थियो । कारण बैंक ब्याजदर उच्च हुन पुग्यो । अधिक तरलताका कारण स्वदेशमा बचतको न्यून प्रतिफल हुने हुँदा पुँजी पलायनको अवस्था पनि सिर्जना हुन सक्छ । साथै, बैंकमा कम ब्याज पाउने भएपछि विगतमा झैं सुपरिवेक्षण र निगरानीबाट टाढा रहेका नियमन नभएका र असंगठित तथा केही सहकारीजस्ता संस्थाहरूमा निक्षेप जान्छ, जसले वित्तीय जोखिम निम्त्याउँछ । अब केही समयपछि यसको असर निक्षेपमा पर्न जानेछ । केही बैंकले निक्षेपको ब्याजदर घटाइसकेका छन् भने केहीले घटाउने तयारी गरिरहेका छन् । तर, कर्जाको ब्याजदरको जति चर्चा हुन्छ, त्यति चर्चा निक्षेपको ब्याजदरले नपाउने हुँदा यसलाई बेवास्ता गरिँदै आएको छ । निक्षेपको ब्याज कम हुँदा बचत गर्न मानिसहरू निरुत्साहित हुने जानकारहरू बताउँछन् ।

समग्रमा, मुलुकमा अहिलेको खराब कर्जा धेरै ठूलो होइन । निश्चय पनि पहिलेको भन्दा केही माथि गएको त हो, तर यो धेरै नै खराब भन्ने अवस्थाचाहिँ होइन । भारतमा करिब १० प्रतिशतको हाराहारीमा रहेको खराब कर्जा पनि रिकभर भएको देखिन्छ । साथै, नेपालमा पनि आर्थिक क्रियाकलापको विस्तारसँगै क्रमशः खराब वा निष्क्रिय कर्जा घट्दै जाने अपेक्षा गर्न सकिन्छ ।

### गलत ऋण अभ्यास

उचित मूल्यांकन प्रक्रियाबिना कहिलेकाहीँ ऋणीलाई ऋण दिइन्छ । मानौं, एक उधारकर्ताले आफ्नो आम्दानी बढाएको छ र उसले बैंकलाई ठगी गर्न सफल भएको छ भने यस्तो पार्टीबाट भुक्तानी प्राप्त हुने सम्भावना धेरै हुँदैन । यद्यपि, ऋण दिने प्रक्रिया अहिले सुधारिएका छन् र विस्तृत 'चेक एन्ड ब्यालेन्स' छन् ।

### बैंकहरुले एनपिएसँग कसरी व्यवहार गर्ने ?

बैंकहरूको आम्दानीमा प्रत्यक्ष असर पर्ने भएकाले खराब कर्जा (एनपिए) कम राख्नु बैंकहरूका लागि अति आवश्यक छ ।

### खराब कर्जाको मूल्यांकन

बैंकहरूले खराब कर्जालाई दुई मुख्य मापदण्डका साथ मूल्यांकन गर्छन् । यदि उधारकर्ता तिर्न इच्छुक छ तर वर्तमान परिस्थितिमा ऊ सक्षम छैन भने ऋण पुनर्संरचनाको मार्ग अवलम्बन गरिन्छ । सम्भवतः वित्तीय सल्लाहकारहरूले भुक्तानीको रकमलाई पुनः संरचना गर्न कदम चाल्नेछन् । यदि उधारकर्ता तिर्न सक्षम छ तर ऊ तिर्न इच्छुक छैन र भुक्तान बेवास्ता गर्न खोज्छ भने यो बैंकका लागि खतरा हुनेछ । त्यस्ता पक्षलाई कानुनी विभागको सहयोगमा अदालती मुद्दामार्फत व्यवहार गरिन्छ ।

नेपाल राष्ट्र बैंकले केही वर्षअगाडि गरेको व्यवस्थाले कर्जाको रिकभर सुस्त हुने र यसले खराब कर्जासमेत बढाउने बैंकरहरूको बुझाइ छ । नेपाल राष्ट्र बैंकले जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपूर्व ऋणीले सुरक्षणस्वरूप राखेको धितो लिलाम गरी असुली गर्नुपर्ने व्यवस्था गरेको थियो । नेपाल राष्ट्र बैंकले केही समयअगाडि जारी गरेको यो व्यवस्थाले उद्योगी-व्यवसायीलाई केही हदसम्म राहत दिलाउन खोजेको भए तापनि बैंकहरूका लागि भने नेपाल राष्ट्र बैंकले हाल केही विस्तृत नीति ल्याएको हो भन्नुमा अत्युक्ति नहोला । नेपाल राष्ट्र बैंकको यो व्यवस्थाले जमानीकर्ता कालोसूचीमा सकेसम्म नपरोस् भन्ने हो भन्ने बुझिन्छ । तर पनि कर्जा लिनेले अटेरी गरे भने उनीहरूलाई कालोसूचीमा राख्ने व्यवस्था त छँदै छ ।

*(स्रोतः कारोबारदैनिक)*

# तस्वीरमा मकवानपुरका ७ पालिकाको गाउँसभा...



आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी नेपाली ।



आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री ।



राक्सिराङ गाउँपालिकाको आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुतीका लागि उपाध्यक्ष वनस्थम थिङलाई ब्रिफकेस हस्तान्तरण गर्नुहुँदै अध्यक्ष राजकुमार मल्ल ।



बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै ।



आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रममा कैलाश गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत ।



भीमफेदी गाउँपालिकाको आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै उपाध्यक्ष सन्जिब श्रेष्ठ ।



भीमफेदी गाउँपालिकाको गाउँ सभामा सहभागी गाउँ सभाका सदस्यहरु ।

## स्थापना दिवसमा रक्तदान

समाज संवाददाता

हेटौँडाः नेपाल औषधी व्यवसायी संघको ५१औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम भएको छ । सोमबार बिहान रक्तसञ्चार केन्द्र हेटौँडामा पुगेर रक्तदान कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा २८ जनाले रक्तदान गरेको नेपाल औषधी व्यवसायी संघ मकवानपुरका अध्यक्ष नारायणलाल श्रेष्ठले जानकारी दिनुभएको छ ।

## राई मृत फेला

समाज संवाददाता

हेटौँडाः हेटौँडा-११, राप्तीखोलामा डुबेको अवस्थामा एक जना वृद्ध मृत फेला परेका छन् । मृत फेला पर्नेमा हेटौँडा-११, सिमलटारका ८० वर्षीय खड्ग बहादुर राई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । आइतबार राई पानीमा डुबेको अवस्थामा मृत फेला परेका थिए । मुचुल्का पश्चात शव राईका छोराले बुझेर लगेको प्रहरीले जनाएको छ ।

## भीमफेदीमा ८ कक्षासम्मका विद्यार्थीलाई खाजा

समाज संवाददाता

हेटौँडाः भीमफेदी गाउँपालिकाले विद्यालयमा खाजा कार्यक्रमलाई विस्तार गर्ने भएको छ । संघीय सरकारले ५ कक्षासम्मका विद्यार्थीलाई दिवा खाजाबापदतको अनुदान उपलब्ध गराउँदै आएकोमा खाजा कार्यक्रमलाई पालिकाले विस्तार गरेर ८ कक्षासम्म पुर्‍याउने भीमफेदीको नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

भीमफेदी गाउँपालिकाले ८ नम्बर वडास्थित पञ्चकन्या माध्यमिक विद्यालयमा व्यवस्थित र सुविधासम्पन्न छात्रावास निर्माण गरिएको जनाएको छ । रैथाने बाली उत्पादन बढाउन कोदो र फापरमा नगद अनुदान वितरण गर्ने, न्यूनतम समर्थन मूल्य तोक्ने नीति तथा कार्यक्रम रहेको छ ।

यस्तै, अनौपचारिक क्षेत्रका एक सय जना श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउने भमिफेदीको कार्यक्रम रहेको छ । भीमफेदीले चालु आर्थिक वर्षमा पनि एक सय जना श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

७

## मकवारपुरगढीले कृषि एम्बुलेन्स व्यवस्था गर्ने

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले कृषि एम्बुलेन्सको व्यवस्था गर्ने भएको छ । सोमबार गाउँपालिकाको सभाहलमा भएको गाउँसभाको ११ औं अधिवेशनमा अध्यक्ष दोर्जे लामा स्याङ्तानले आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै कृषि क्षेत्रको विकास लागि कृषि एम्बुलेन्स व्यवस्था गरिने जानकारी दिनुभयो ।

गाउँपालिकाको प्रत्येक वडामा कृषि उत्पादनका लागि वडा-१ मा धान कोदो, २ नम्बर वडामा गोलभैंडा र बाख्रापालन, ३ नम्बर वडामा दूध र केरा, ५ नम्बर वडामा खुर्सानी, ६ नम्बर वडामा तरकारी र फलफूल तथा ८ नम्बर वडामा गोलभैंडा खेतीको बजारिकरणमा सहयोग पुर्‍याउन सहकारीको सझेदारीमा एम्बुलेन्स व्यवस्था गर्ने बताइएको छ । कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, प्रतिस्पर्धी र उत्पादन लागत न्यूनीकरणका साथै कृषि यन्त्रका लागि आवश्यक बजेट व्यवस्था गरिने बताएको छ । गाउँपालिकाको कृषकहरुबाट उत्पादित स्थानीय एवम् रैथाने बाली जस्तैः कोदो, धानकोदो, जुनेलो, फापर, सिमीको उत्पादनमा आधारित प्रोत्साहन अनुदानको कार्यक्रमलाई निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

संघ, प्रदेश र स्थानीयस्तरबाट लागू हुने कृषिको कार्यक्रमलाई दोहोरिन नदिन तीन तहकै सरकारसँगको समन्वयलाई प्रभाकारी बनाउन पहल गरिने र नेपाल सरकारबाट प्राप्त अनुदान प्रणालीलाई वैज्ञानिक र प्रभावकारी बनाइने नीतिमा उल्लेख छ । कृषि प्रसार तथा प्रविधिको सेवा प्रदान गर्नका लागि कृषि दिवस, कृषि पाठशाला, प्रतियोगिता, परीक्षण, प्रदर्शनी, बाली उपचार सेवा विषयमा गोष्ठी, भ्रमणका कार्यक्रमहरु आयोजना गरिने बताइएको छ ।

## धादिङको मिनी रंगशाला निर्माण गरिने

गाउँपालिकाले खेलकुदको विकासका लागि पालिकाको खेलकुद विकास समिति, युवा क्लबलाई एकीकृत गरी खेलकुदको कार्यक्रस सञ्चालन गरिने जनाइएको छ । पालिकाको वडा नम्बर ५ स्थित धादिङको मिनी रंगशालालाई रंगशालाको रुपमा विकास गर्नका लागि पहल गर्ने नीति प्रस्तुत गरिएको छ ।

आन्दोलनमा ज्यान गुमाउने शहीदहरुको सम्झनामा खेलकुदको विकासका लागि रनिङ शिल्ड प्रतियोगिताहरुको आयोजना गरिनेछ । गाउँपालिका अध्यक्ष रनिङ शिल्ड पुरुष भलिबल प्रतियोगिता र उपाध्यक्ष रनिङ शिल्ड महिला भलिबल प्रतियोगिता सञ्चालन गरिने नीति रहेको छ ।

क्रिकेटको विकासका लागि आवश्यक बजेट छुट्याउने र विभिन्न खेलको माध्यमले पालिकाको पहिचान बढाउनका लागि आवश्यक कार्यक्रमहरु गरिने बताइएको छ । पालिकाको वडा नम्बर २ स्थित कुर्ले दमारमा रहेको मैदानलाई पालिकास्तरमा विकास गर्न प्रदेश र संघीय सरकारसँग पहल गर्ने भएको छ ।

हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौँडा रिफरेन्स ल्यावरोटरी

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हेटौँडा उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
हेटौँडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*सूचना प्रकाशित मितिः २०८१/०३/११*

हेटौँडा उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८१/०२/२१ गते दोश्रो पटक प्रकाशित सूचना बमोजिम यस कार्यालयमा समय सीमाभित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन पारि अधिकतम मूल्याङि्गत (कबोल अंक) सारभूत रुपमा प्रभावग्राही भएको हुदा हेटौँडा उपमहानगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७६ को दफा (४) को उपदफा (२) र सोहि कार्यविधिको दफा ५ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि.नं. | ठेक्का नं. | कामको बिवरण | छनौंट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.बाहेक) |
|---|---|---|---|---|
| १ | HSMC/Rajaswa/05/2081/82 | पशु हाट बजार सेवा शुल्क संकलन | श्री तुलसी सप्लायर्स, मनहरी-६ | रू. १०,०२,०००/०० |

**प्रमुख प्रशासकीय अधिकृत**

### ३ तारे भन्दै होटल प्रकाशद्धारा उपभोक्तामाथि ठगी

# तारे होटल बनाउने तयारीमै छौं: होटल सञ्चालक

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० स्थित होटल प्रकाशले भ्रमपूर्ण तवरले विगत ७ बर्षदेखि मापदण्डविपरित होटल सञ्चालन गरेर सेवाग्राहीलाई ठगी गर्दै आएको पाइएको छ । नामको माथि ३ तारा लगाएर सो होटलले सेवाग्राहीलाई भ्रममा राखेर बढी रकम असुल गर्दै आएको तथ्य फेला परेको हो ।

होटल प्रकाशले हालसम्म कुनै पनि निकायबाट मापदण्डअनुसारको गुणस्तर र ३ तारे अनुमतिपत्र लिएको देखिँदैन । तर, सो होटलले खुलेआम ३ तारे होटलको रुपमा आफूलाई स्थापित गर्ने प्रयत्न गरिरहेको छ । हेटौंडा बजार क्षेत्रको मुख्य भाग हेटौंडा-१०, टिसिएन (बाइपास) रोडमा अवस्थित उक्त होटलले सेवाग्राहीलाई तारे होटलको नाममा झुक्याउँदै महंगो शुल्क असुल गर्दै आएको छ । कानुनी व्यवस्था विपरित उक्त होटलले तारे होटलको रुपमा कोठा तथा खानाको दरमा रकम असुल्दै आएको देखिन्छ ।

तारे होटलको रुपमा सञ्चालन गर्न पर्यटन विभागबाट मापदण्ड स्वीकृत गरी प्रमाणपत्र लिनुपर्ने हुन्छ । तर, हेटौंडामा २०७३ बाट सञ्चालित प्रकाश होटलले कुनै पनि मापदण्ड पूरा गरेको छैन भने विभागबाट प्रमाणपत्रसमेत लिएको देखिँदैन । राजमार्गको छेउमा नै रहेको सो होटलले गैरकानुनीरुपमा नामको माथि ३ तारा लगाएर प्रचारप्रसार गरिरहेको छ ।

होटल प्रकाशमा एकजना बस्ने एउटा कोठाको न्यूनतम दर १ हजार ८ सय रुपैयाँ रहेको छ । भारतीय मूलका पर्यटकको रोजाईमा पर्ने होटल प्रकाशमा अधिकतम ४ हजार ६ सय रुपैयाँसम्मका कोठाहरु रहेका छन् । पर्यटन विभागका सूचना अधिकारी एव् निर्देशक कालीबहादुर भुजेलका अनुसार हेटौंडामा हालसम्म एउटामात्र होटलले ३ तारे प्रमाणपत्र लिएको छ । प्रकाश होटलले तारे प्रमाणपत्रका लागि हालसम्म कुनै पनि प्रक्रिया सुरु गरेको नदेखिएको उहाँले बताउनुभयो । तारे प्रमाणपत्र विभागले जारी गर्ने र सो पत्र नभई सञ्चालन गर्नु गैरकानुनी हुने उहाँको भनाइ छ ।

यता होटल प्रकाशका सञ्चालक रवि गुप्ताले होटल सञ्चालनमा आएपछि ३ तारे होटलको रुपमा विकसित गर्ने गरी तयारी गरिए पनि कोभिड-१९ महामारी र पछिल्लो आर्थिक मन्दिका कारण प्रक्रिया पूरा गर्न नसकेको बताउनुभयो ।

## यस्तो छ मापदण्ड

कानुनबमोजिम तारे होटलमा खुला र आकर्षक प्रवेशद्वार, मौसमी फूल फूल्ने बगैँचा, होटल परिसरभित्रै डुल्न, घुम्न र आराम गर्न मिल्ने सुविधासहितको शान्त र मनोरञ्जनपूर्ण वातावरण हुनुपर्ने उल्लेख छ । साथै, होटल परिसर पूर्णरुपमा धुलो र धुँवामुक्त हुनुपर्नेछ ।

तारे होटलले बनाउने संरचना भवन ऐन २०५५ तथा नियमावली २०६६ र राष्ट्रिय भवन संहिता २०६० अनुसार स्वीकृत भएको हुनुपर्नेछ । भवन आधुनिक र पुरानो भएको अवस्थामा मर्मत सम्भार देखि ऐतिहासिक तथा सांस्कृतिक सम्पदा प्रतिबिम्बित हुनुपर्ने र ऐतिहासिक तथा सांस्कृतिक सम्पदालाई अवरोध नहुने प्रकृतिको बनाउनु पर्नेछ ।

यसैगरी होटलको प्रवेशद्वारमा नेपाली र अंग्रेजीमा स्पष्ट बुझिने गरी नाम हुनुपर्ने र होटलको सम्पूर्ण कागजपत्रमा समेत नाम खुलाउनुपर्ने मापदण्डमा उल्लेख छ । पार्किङ क्षमता ३ तारेका हकमा १५ वटा चार पांग्रे गाडी, २४ घण्टा नै रुम सर्भिस दिनुपर्नेछ । होटलसँग ग्राहकलाई बसपार्क र विमानस्थल पुऱ्याउने सुविधासम्पन्न साधन हुनुपर्नेछ भने ग्राहकको बहुमूल्य वस्तु राख्न रिसेप्सननजिकै लकर हुनुपर्नेछ ।

बत्तीको सुविधा २४ घण्टा नै हुनुपर्ने, प्रशोधित पानी हुनुपर्ने, आकाशे पानी भण्डारका प्रविधि जडान हुनुपर्ने र नियमअनुसार ढल निकासीको व्यवस्था हुनुपर्नेसमेत मापदण्डमा उल्लेख छ । होटलको लबीको क्षमता ३ तारेमा २० जना अट्ने हुनुपर्नेछ ।

सबैले देख्ने गरी कम्पनी दर्ता, उद्योग दर्ता, सञ्चालन इजाजत र ताराअंकित प्रमाणपत्र रिसेप्सननजिकै राख्नुपर्ने पनि मापदण्डमा उल्लेख छ । सुविधासम्पन्न महिला र पुरुषसहित अपांगमैत्री शौचालयसमेत हुनुपर्नेछ । रिसेप्सनमा बस्ने कर्मचारीले अंग्रेजी र नेपाली दुबै भाषामा बोलचाल गर्न सक्ने, गेष्टको लगेज रुम र पार्किङसम्म लगिदिने व्यवस्था हुनुपर्नेछ । तर, होटल प्रकाशमा न मापदण्डअनुसारको पार्किङ छ, न अन्य केही । साँघुरो क्षेत्रमा निर्माण गरिएको घरबाट सञ्चालित होटलको सरसफाईसमेत छैन ।

प्रकाश होटलले विगत ७ वर्षदेखि तारे होटलको भ्रम फैलाएर ग्राहकलाई ठग्ने काम गरेको उपभोक्ता हित संरक्षण मञ्च मकवानपुरका सचिव सरोज बिडारी बताउनुहुन्छ । उहाँका अनुसार तारे होटलको नाममा नागरिकबाट बढी रकम असुल गरी राजस्वसमेत छल्ने काम गरेको छ ।

## फोहोर भान्सा

प्रकाश होटलको भान्सा फोहोर भेटिएको छ । आइतबार हेटौंडा उपमहानगरपालिकाको बजार अनुगमन समितिले होटलको भान्सा र प्रशासनिक कागजात अनुगन गर्दा कागजपत्र पनि फेला परेन भने भान्सा उपयुक्त भेटिएको थिएन । अनुगमनका क्रममा भान्सामा फोहर रहेको, सरसफाईमा ध्यान नदिएको, फ्रिजको अवस्था बिग्रिएको, म्याद गुज्रिएको खानेकुरा प्रयोग गरेको भन्दै अनुगमन टोलीले सुधारका लागि १५ दिनको समय दिएको छ ।

होटलको नामअनुसार भान्साको अवस्था नरहेको पाइएको हेटौंडा उपमहानगरपालिकाकी खाद्य निरीक्षक एलिना न्यौपानेले बताउनुभयो । थ्री-स्टार होटलको रुपमा लामो समयदेखि हेटौंडामा सेवा दिँदै आएको प्रकाशलाई थ्री-स्टारको मान्यता दिएको कागजातसमेत नदेखाएको भन्दै टोलीले तीन दिनभित्र सरकारी कागजातसहित उपस्थित हुन भनेको उहाँले बताउनुभयो । होटल सञ्चालक रवी गुप्ताले भने खाना खाने समय भएकोले खाना खुवाएर सरसफाई गर्ने समयमै अनुगमन गरिएकोले फोहर देखिएको दावी गर्नुभएको छ ।

# २ जिल्लामा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको २ जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको छ । प्रदेशको नुवाकोट र चितवन जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

नुवाकोट जिल्लाको बिदुर नगरपालिका-१२, घण्टीगेट पावरहाउसको नहरमा डुबेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा बिदुर नगरपालिका-४, पानीट्याङ्की बस्ने ११ वर्षीय सन्देश अधिकारी रहेको प्रहरीले जानकारी दिएको छ ।

अधिकारी साथीहरुसँग पावर हाउसको नहरमा पौडी खेल्ने क्रममा बगाई बेपत्ता भएका थिए । बेपत्ता भएका अधिकारीलाई खोजतलास गर्दै जाँदा नहरको पानीमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाको राप्ती नगरपालिका-४, राईटोलमा एक जना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा ६५ वर्षीय झिम्सी राई रहेको प्रहरीले जानकारी दिएको छ ।

आइतबार बिहान राई आफ्नै घरबाट ८ सय मिटर टाढा मकैबारीमा मृत अवस्थामा फेला परेकी थिइन् । अनुसन्धानका क्रममा राईले अत्याधिक मदिरा सेवन गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-१३, बाटुली पोखरीमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा बाग्लुङ जिल्ला काठखोला गाउँपालिका-३, धन्जादेउराली घर भई भरतपुर-८ बस्दै आएका २७ वर्षीय सुजन घर्ती रहेको प्रहरीले जानकारी दिएको छ ।

घर्ती पौडी खेल्ने क्रममा डुबी बेपत्ता भएका थिए । बेपत्ता घर्तीलाई खोजतलास गर्दै जाँदा पोखरीमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

## सूचीकृत हुने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८१/०३/११)

यस संजीवनी बचत तथा ऋण सहकारी संस्था लि. लाई आ.व. २०८१/०८२ का लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित बस्तु सेवाहरू उपलब्ध गराउन ईच्छुक रजिष्टर्ड फर्म/कम्पनी/सप्लायर्स/आपुर्तीकर्ताहरूबाट फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर प्रमाणपत्र तथा गत आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपीसहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थामा आइपुग्ने गरी सूची दर्ताका लागि आफूले उपलब्ध गराउने बस्तु तथा सेवाको सूचीसहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**तपशिल**

क)
१. स्टेशनरी तथा मसलन्द सामानहरू ।
२. छपाई तथा आपूर्ती सम्बन्धी कार्यहरू ।
३. कम्प्युटर पेपर, Reciept पेपर तथा आपूर्ती सम्बन्धी कार्यहरू ।
४. फ्लेक्स, साईनबोर्ड, व्यानर, कम्प्युटर डिजाईन आपूर्ती सम्बन्धी कार्यहरू ।
५. अन्य विविध आपूर्ती सम्बन्धी कार्यहरू ।

ख)
१. कम्प्युटर, प्रिन्टर, सि.सि. टि.भी., ईन्टरनल टेलिफोन, नेटवर्किङ्ग, नोट काउण्टिङ्ग मेशिन स्क्यानर, फोटोकपी, ईन्भर्टर, ब्याट्री, विविध उपकरणहरू वार्षिक मर्मत सम्झौता सम्बन्धी सेवाहरु ।

ग)
१. ऋण घितो मूल्याङ्कन कर्ता

**नोटः- पेश गर्नुपर्ने कागजातहरूः**
१. संस्था वा फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
२. स्थायी लेखा वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
३. आर्थिक वर्ष २०७९/०८० को करचुक्ता दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. संस्था वा फर्म/कम्पनीको कार्य अनुभव खुल्ने कागजात ।

**का.मु. व्यवस्थापक**
**प्रकाश बहादुर खनाल**

**संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-५ पिप्ले, मकवानपुर**
**सम्पर्कः ०५७-५२५९५२, ९८५५०७५१५६**
नेफ्स्कून

# बागमतीले क्रसर उद्योग सञ्चालन गर्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकाले क्रसर उद्योग सञ्चालन गर्ने भएको छ । आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा क्रसर उद्योग सञ्चालनको कार्यक्रम समावेश गरिएको हो ।

सोमबार गाउँपालिकाका अध्यक्ष सर्केश घलानले गाउँसभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै पालिकाले आफ्नै लगानीमा क्रसर उद्योग सञ्चालनका लागि बजेट विनियोजन गर्नेगरी कार्यक्रम तयार गरेको बताउनुभएको हो । गाउँपालिकाले आगामी आर्थिक वर्षमा बागमती-५ मा आफैंले क्रसर उद्योग सञ्चालन गर्ने भएको छ । सञ्चालन हुने क्रसर उद्योगका लागि सम्पूर्ण प्रक्रिया पूरा भइसकेको अध्यक्ष घलानले बताउनुभयो ।

गाउँपालिकाको विकासका लागि प्राथमिकता हुने र आर्थिक अवस्था वृद्धि गर्ने लक्ष्यका साथ क्रसर सञ्चालन गर्न लागिएको उहाँले बताउनुभयो । गाउँपालिका क्षेत्रमा बन्ने सरकारी तथा निजी क्षेत्रको भौतिक संरचना गुणस्तरीय नबन्ने गरेको सन्दर्भमा सो क्रसरले सहयोग पुग्ने विश्वास अध्यक्ष घलानले व्यक्त गर्नुभयो । कच्चा भन्दा क्रसर उद्योगबाट तयारी गिट्टी, बालुवा बेच्दा मूल्य पनि बढी पाउने र त्यसको लाभ पालिका र गाउँपालिकाभित्रका जनतालाई पुग्ने उहाँको भनाइ छ ।

गाउँपालिकाले आगामी आर्थिक वर्षमा पूर्वाधारतर्फ १३ करोड ४० लाख रुपैयाँ, आर्थिक विकासतर्फ ४ करोड २५ लाख रुपैयाँ, सामाजिक विकासतर्फ ४ करोड २५ लाख रुपैयाँ, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा १ करोड १० लाख रुपैयाँ र संस्थागत विकास, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा ११ करोड १२ लाख रुपैयाँ गरी स्रोत अनुमान गरी ३४ करोड १२ लाख रुपैयाँ बजेट सीमा निर्धारण गरेको छ । पालिकाले आगामी आर्थिक वर्षमा ७१ करोड रुपैयाँको बजेट ल्याउने तयारी भइरहेको अध्यक्ष घलानले बताउनुभयो ।

## उपाध्यक्ष तिमल्सिनासहित ४ वडाध्यक्षद्वारा गाउँसभा बहिष्कार

बागमती गाउँपालिकाको गाउँसभा उपाध्यक्ष फणिन्द्र तिमल्सिनासहित ४ वडाध्यक्षले बहिस्कार गरेका छन् । गाउँपालिका अध्यक्षले मनोमानी ढंगले बजेट ल्याएको, वडालाई बजेट सिलिङ उपलब्ध नगराएको भन्दै उपाध्यक्ष र वडाध्यक्षहरुले गाउँसभा बहिष्कार गरेको बताएका हुन् ।

नीति तथा कार्यक्रम र बजेटप्रति उपाध्यक्ष र केही वडा अध्यक्षले असन्तुष्टि व्यक्त गर्दै उपाध्यक्ष तिमल्सिना र वडाध्यक्षले गाउँसभा नै बहिस्कार गरेका हुन् । उनीहरूले गाउँपालिकाको कार्यालय अगाडि बिरोध प्रदर्शन गरेका थिए भने हेटौंडामा पत्रकार सम्मेलनसमेत गरेका थिए ।

गाउँपालिकाका अध्यक्ष घलान र प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले एकलौटी र मनलाग्दी गरेको उनीहरुको आरोप छ । गाउँपालिकाका अध्यक्ष घलानले भने बजेट निर्माणको प्रक्रियामै रहेको र नीति तथा कार्यक्रम प्रस्तुत गर्ने समयमा बजेटको कुरा गरेर विरोध गर्नु उचित नभएको बताउनुभयो । प्राथमिकता पहिचान गरेर योजना छनोट गर्ने विषयगत समितिहरुमार्फत् योजना तर्जुमा गर्ने प्रक्रिया जारी रहेको उहाँको भनाइ छ ।

बजेट वक्तव्य ल्याउने अघिल्लो दिन आइतबार नै प्रेस विज्ञप्ति जारी गर्दै गाउँपालिकाका उपाध्यक्ष तिमल्सिनाको नेतृत्वले नीति तथा कार्यक्रमप्रति आपत्ति जनाउँदै असन्तुष्टि जनाएका थिए । नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यको हक अधिकारमा प्रत्यक्ष हस्तक्षेप गरी नीति तथा कार्यक्रम ल्याएकोमा उनीहरुले आपत्ति जनाएका हुन् ।

उपाध्यक्ष तिमल्सिनासहित ६ नम्बर वडा अध्यक्ष टेकबहादुर डिम्डुङ, ७ का वडा अध्यक्ष उत्तरबहादुर भोलन, ८ का वडा अध्यक्ष इन्द्रमणि तिमल्सिना र ९ का वडा अध्यक्ष पुनराम घलान तथा कार्यपालिका सदस्य डम्बरबहादुर विकले गाउँपालिकाको नीति तथा कार्यक्रमप्रति असन्तुष्टि जनाएका हुन् । बजेटमा उपाध्यक्षलाई समेत सिलिङ बजेट राखिनुपर्ने, उपाध्यक्ष, वडाध्यक्ष र कार्यपालिका सदस्यको हक अधिकारमा हस्तक्षेप गर्न नहुनेलगायतका माग राखिएको छ ।

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्याई खाँदैन त्यो, आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं. २०४० साउन १५

स्वर्गारोहणः
वि.सं. २०८१ असार ५

**स्व. दिल बहादुर चौलागाई**

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी हेटौंडा-७, नागस्वती निवासी **दिल बहादुर चौलागाई**को मिति २०८१ असार ५ गते अल्पायुमै असामयिक निधन भएकोमा हामी स्तब्ध भएका छौं । यस दुखद् घडीमा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड परिवार**
**हेटौंडा-२, मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ